# साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत :२०७५।०८।१०

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

गण्डकी प्रदेश

पोखरा, नेपाल

# साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालन कार्यविधी, २०७५

**प्रस्तावनाः**

बाली उत्पादन बृद्धिका कारक तत्वहरु मध्ये सिंचाई पनि एक प्रमुख कारक तत्व हो जसको उचित व्यवस्थापन हुन नसकेको खण्डमा बालीनालीको बृद्धि विकासमा असर पुगी उत्पदकत्वमा गिरावट आउंदछ । गण्डकी प्रदेशमा ठूला सिंचाई योजनाहरुको पहुंचबाट टाढा रहेका कृषकहरुको संख्या धेरै छ । सिंचाईको उचित व्यवस्थापन गर्न नसकेर कृषि व्यवसाय सञ्चालनबाट उचित लाभ लिन नसकेका वा सिंचाइको अभावमा व्यवसाय नै शुरुवात गर्न नसकेका कृषकहरुलाई लक्षित गरि साना तथा आधुनिक सिंचाई कार्यक्रमहरु सञ्चालन गर्न सकेको खण्डमा उन्नत सिंचाई प्रविधिको प्रसार भई कृषि क्षेत्रको व्यवसयिकरणमा सहयोग पुग्ने सम्भावना रहेको सन्दर्भमा गण्डकी प्रदेशको आ.ब. २०७५।७६ को वार्षिक बजेटमा समावेश भएको साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालनलाई पारदर्शी र प्रभावकारी बनाउनको लागि कार्यविधि बनाई प्रदेश सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराउन बान्छनीय भएकोले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यबिधि तयार गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो कार्यविधीको नाम **साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालन कार्यविधी, २०७५** रहने छ ।

२) यो कार्यविधि प्रदेश सरकारले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

३) यो कार्यविधि गण्डकी प्रदेश भर लागू हुनेछ ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा,

१) **"साना सिंचाई कार्यक्रम"** भन्नाले बढीमा २५ हेक्टर सम्म सिंचाई हुने गरी गण्डकी प्रदेश सरकारबाट बढीमा रू. ३,००,०००।०० (अक्षरूपी रू. तीन लाख मात्र) सम्मको अनुदान सहयोग र उपभोक्ताबाट कुल लागत ईष्टिमेटको कम्तिमा १५ प्रतिशत नगद वा जिन्सी वा श्रमदान वा तिनैथरी सहयोग योगदान स्वरुप उपलब्ध गराई निर्माण गरिने स-साना बांध, छेकवार, कुलो सुधार, ह्युम पाईप, पोलिथिन पाईप जस्ता साना सिंचाई स्किमलाई जनाउंदछ ।

२) **"आधुनिक सिंचाई"** भन्नाले कृषिको व्यवसायिकरणलाई प्रर्वद्धन गर्न थोपा सिंचाई जडान, स्प्रीङलर सिंचाई जडान, प्लाष्टिक पोखरी निर्माण कार्यलाई जनाउंदछ । यस्ता किसिमका सिंचाई विधिलाई प्रभावकारी बनाउन जडान गरिने थप प्रविधीलाई समेत यसै बमोजिम परिभाषित गरिएको छ ।

३) **"आयोजना"** भन्नाले यस कार्यविधि अनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश मातहतको निकायको अनुदान सहयोग र कृषक, कृषि सहकारी संस्था/कृषक समूह/

व्यवसायिक कृषि फर्मको नगद रकम वा जिन्सी वा श्रमदान समेतमा सञ्चालन गर्ने साना तथा आधुनिक सिंचाइ योजनालाई जनाउँदछ ।

४) **"स्थानीय तह"** भन्नाले कार्यक्रम सञ्चालन हुने स्थान रहेको सम्बन्धित गाऊंपालिका / नगरपालिका / उपमहानगरपालिका / महानगरपालिका भन्ने सम्झनु पर्दछ ।

५) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशलाई सम्झनु पर्दछ ।

६) **"निर्देशनालय"** भन्नाले उक्त मन्त्रालय मातहतको कृषि विकास निर्देशनालयलाई सम्झनु पर्दछ ।

७) **"केन्द्र"** भन्नाले कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

८) **"समिति"** भन्नाले दफा ५(५) बमोजिम गठित प्राविधिक मूल्यांकन समिति भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद २

### ३. कार्यक्रमको उद्देश्यहरु

१) साना तथा आधुनिक सिंचाई विधीलाई सम्भाव्य स्थानमा प्रबर्द्धन गरि बालि सघनतामा बृद्धि गरि जमिनको उत्पादकत्व बृद्धिमा सहयोग पुर्याउने ।

२) सिंचाईको सुविधा अपुग भई कृषिको व्यवसायिकरण गर्न नसकेका कृषकहरुलाई साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालनमा सहयोग गरि तरकारी, फलफूल, नगदे बाली खेती लगायत विभिन्न सम्भाव्य बालीहरुको खेती प्रवद्र्घनबाट रोजगारी र आय आर्जन बृद्धि गर्ने ।

## परिच्छेद ३

### ४. आधुनिक सिंचाई सम्बन्धि कार्यक्रमहरु

**१) थोंपा सिंचाई जडान कार्यक्रम**

सिंचाईको पर्याप्त सुविधा नभएको स्थानमा सानो स्रोतको पानीले किफायती तवरले धेरै जग्गा सिंचित गर्न, सिंचाईमा श्रम लागत घटाउन, बालीको उत्पादन परिमाण र गुणस्तरलाई सुधार गर्न थोपा सिंचाई प्रभावकारी हुन्छ । **कम्तिमा २ रोपनी** क्षेत्रफलमा लगाईएको खेतिको लागि थोपा सिंचाई जडान गर्न ईच्छुक व्यवसायिक कृषि फर्म एवं संस्थाले मात्र यो सुविधाको लागि निवेदन दिन सक्नेछन् ।

**२) स्प्रीङलर सिंचाई जडान कार्यक्रम**

विशेष गरेर कम माटो भएको, बलौटे माटोको मात्रा बढि भएको र भिरालो जमिन जहां चिया, कफि, अलैंची, फलफूल, तरकारी आदि बालीहरु लगाईन्छ त्यहां स्प्रीङलर सिंचाई जडान गर्न उपयुक्त हुन्छ। **कम्तिमा ५ रोपनी** क्षेत्रफलमा लगाईएको खेतिको लागि स्प्रीङकलर सिंचाई जडान गर्न ईच्छुक व्यवसायिक कृषि फर्म एवं संस्थाले मात्र यो सुविधाको लागि निवेदन दिन सक्नेछन् ।

**३) प्लाष्टिक पोखरी निर्माण कार्यक्रम**

सिंचाई सुविधा नपुगेको क्षेत्रमा पोखरीको क्षमता अनुसार प्रति प्लाष्टिक **पोखरी २ देखि ३ रोपनी** वा सो भन्दा वढी जमीनमा सिंचाई हुने गरि प्रदेश सरकारबाट कुल लागतको ८५ प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने र अनुदानग्राहीले कम्तिमा १५ प्रतिशत खर्च जुटाइ प्लाष्टिक पोखरी निर्माण गर्नुपर्दछ । पानीको स्रोत, बालीको क्षेत्रफल, बालीमा सिंचाईको आवश्यकता आदि अनुसार न्यूनतम ३० हजार लिटर र सो भन्दा बढी क्षमताको पोखरी निर्माण गर्न सकिन्छ ।

**४) साना सिंचाई कार्यक्रम**

उपभोक्ताबाट कुल लागत ईष्टिमेटको कम्तिमा १५ प्रतिशत नगद वा जिन्सी वा श्रमदान वा तिनैथरी सहयोग योगदान स्वरुप उपलब्ध गराई निर्माण गरिने स-साना बांध, छेकवार, ह्युम पाईप, एच.डि. पाईप र कुलो मर्मत/सुधार जस्ता साना सिंचाई स्किम यस साना सिंचाई कार्यक्रम अन्तर्गत पर्दछन्।

## परिच्छेद ४

### ५. कार्यक्रम सञ्चालन सम्बन्धि प्रक्रिया

१) यस कार्यविधी अनुसार सञ्चालन हुने साना तथा आधुनिक सिंचाई कार्यक्रम भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गतको कृषि ज्ञान केन्द्र मार्फत सञ्चालन हुनेछन् । कार्यक्रम सञ्चालन पूर्व आम संचार माध्यमबाट केन्द्रले कम्तिमा ३० दिनको सूचना अनुसूची-१ बमोजिम प्रकाशित गर्नेछ ।साथै उक्त सूचना स्थानीय तहको सूचनापाटीमा समेत टाँस गर्नुपर्नेछ । सुचना प्रकाशन गर्दा दफा ५(६) बमोजिमका मूल्याकंनका आधारहरू सार्वजनिक सूचना मार्फत प्रस्ताव आह्वान गर्दा एकैसाथ प्रकाशित गर्नुपर्नेछ ।

२) केन्द्रले सम्बन्धित स्थानिय निकायको सहयोगमा सिंचाई सुविधामा सहयोग लिन ईच्छुक व्यवसायिक तथा व्यवसाय उन्मुख कृषि फर्म/कृषक समुह/कृषि सहकारी संस्थाबाट अनुसुची-२ (क,ख,ग) बमोजिमको ढाँचामा निवेदन संकलन गर्नुपर्नेछ ।

३) निवेदनको साथ फर्म वा संस्था प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी एक प्रति र सम्बन्धित स्थानिय तहको सिफारिस पत्र (कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको) पेश गर्नुपर्दछ । संस्थाको हकमा संस्थाको कार्यसमितिको बैठकले साना तथा आधुनिक सिचाई कार्यक्रम माग गर्ने निर्णय गरेको हुनुपर्नेछ । निवेदनको साथमा अनुसूची-३ बमोजिमको सम्पन्न गर्ने कार्यको बाँडफाँड र कुन स्थान, कति जग्गामा लगाईएको कुन कुन बालीलाई सिंचाई गर्ने र कति जना कृषक घरधुरी लाभान्वित हुनेछन् सो व्यहोरा खुलाउनुपर्ने छ ।

४) साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालन तथा अनुगमनको लागि कृषि ज्ञान केन्द्रले एक जना कृषि प्रसार अधिकृत वा नीज नभएमा कृषि ज्ञान केन्द्र प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारीलाई कार्यक्रम संयोजकको रुपमा नियुक्ति गर्नुपर्नेछ ।

५) कृषि ज्ञान केन्द्रले दफा ५(४) अनुसार नियुक्ति गरिएका कार्यक्रम संयोजकको संयोजकत्वमा कृषि सेवामा कार्यरत दुई जना अधिकृत सदस्य रहने गरि तिन सदस्यीय प्राविधिक मूल्यांकन समितिको गठन गर्नुपर्नेछ ।

६) समितिले पेश भएका निवेदनहरुलाई निम्न आधारहरुमा मूल्यांकन गरि केन्द्र समक्ष सिफारिस गर्नुपर्नेछ ।

| **क्र.स.** | **मूल्याङ्कनका आधारहरु** | **अङ्क** |
|---|---|---|
| **क)** | सिंचाईका लागि पानीको स्रोत | (न्यून १०, मध्यम १५, अधिकतम अंक २०) |
| **ख)** | व्यवसायिकता र बाली सघनता | (न्यून १०, मध्यम १५, अधिकतम अंक २०) |
| **ग)** | लाभान्वित कृषक घरधुरी | (न्यून १०, मध्यम १५, अधिकतम अंक २०) |
| **घ)** | प्रस्तावकको मुख्य पेशा (कृषि) | (न्यून १०, मध्यम १५, अधिकतम अंक २०) |
| **ङ)** | प्रस्तावकको हाल गरिरहेको खेति व्यवसायको अवस्था | (न्यून ५, मध्यम ७.५, अधिकतम अंक १०) |
| **च)** | लक्षित वर्ग र दुर्गम क्षेत्र | (न्यून ५, मध्यम ७.५, अधिकतम अंक १०) |
| | **जम्मा** | **१००** |
| **पुनश्चः स्थानीय तहको लागत साझेदारी भएको र सहकारी संस्था मार्फत गरिएको प्रस्तावनालाई प्राथमिकता दिइनेछ ।** | | |

७) समितबाट मूल्यांकन एवं सिफारिस भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय कृषि ज्ञान केन्द्र प्रमुखले गर्नुपर्नेछ । कार्यक्रम कार्यान्वयन सम्बन्धि निर्णयहरु स्वीकृत कार्यक्रममा उल्लेख भए बमोजिम कृषि ज्ञान केन्द्रले गर्नेछ ।

८) **लागत इष्टिमेट र सम्झौताः** प्राविधिकबाट स्वीकृत लागत ईष्टिमेट एवं डिजाइन अनुसार सम्बन्धित कृषक एवं संस्थाले आयोजनाको निर्माण कार्य सम्पन्न गर्नु पर्नेछ । उक्त कार्यक्रम सञ्चालनको लागि इरिगेसन ईन्जिनियरिङ्ग तालिम प्राप्त कृषि प्राविधिक/ओभरसियर/ईन्जिनियर स्थलगत सर्भेक्षण गरी लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि केन्द्रमा पेश गर्नु पर्नेछ । लागत इष्टिमेट तयार गर्दा कुल इष्टिमेट अंकको बढीमा ३ % रकम कन्टीजेन्सी स्वरुप राख्न सकिनेछ । स्वीकृत ईष्टिमेटको आधारमा केन्द्र र अनुदानग्राही संस्था वा फर्म बीच अनुसूची-४ बमोजिमको द्विपक्षीय सम्झौता गरिनेछ ।

९) **अनुदान रकम र भुक्तानी प्रक्रियाः** आधुनिक तथा साना सिंचाई निर्माण कार्यको कुल लागत इष्टिमेटको बढीमा प्रदेश सरकारबाट कुल लागतको ८५ प्रतिशत रकम अनुदान स्वरुप उपलब्ध गराउने र

अनुदानग्राहीले कम्तिमा १५ प्रतिशत खर्च जुटाइ साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्य प्रगति र प्राविधिकको स्थलगत सर्वेक्षण प्रतिवेदनका आधारमा बढिमा ३,००,०००।०० रुपैया रकम अनुदान स्वरुप सम्बन्धित फर्म वा समुह वा संस्थाको बैक खातामा बढिमा तीन किस्तामा उपलब्ध गराईनेछ। आयोजना सम्पन्न भई सकेपछि सोको मर्मतसम्भार गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित कृषक/कृषक समूह/कृषि सहकारी संस्थाको हुनेछ ।

## परिच्छेद ५

### ६. उपभोक्ताले पालना गर्नुपर्ने कुराः

१) अनुदानग्राहीले यस कार्यबिधि अनुसार निर्माण हुने सिंचाई कार्यक्रमको बिवरण, विस्तृत लागत विवरण झल्किने होडिङ बोर्ड निर्माण स्थलमा टाँस्ने ब्यवस्था गर्नुपर्नेछ ।

२) यस कार्यबिधि अनुरुप अनुदान प्राप्त गर्ने अनुदानग्राहीले निर्माण कार्यमा ईन्जिनियरबाट निरिक्षण गरी सम्पन्न कामको मेजरमेन्ट बुक राखी बिल बनाउने ब्यवस्था गर्नुपर्नेछ ।

३) सम्पन्न काम र खर्चको प्रतिबेदन मासिक रुपमा केन्द्रमा पेश गर्नुपर्नेछ ।

४) परियोजना निर्माण वा सञ्चालनको क्रममा मन्त्रालय वा निर्देशनालय वा केन्द्रबाट दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

५) अनुदानग्राहीले अन्तिम भूक्तानी माग्नु पूर्व संचालित परियोजना/ अनुदान कार्यक्रमको सार्वजनिकिकरण समेत गरेको हुनुपर्नेछ।साथै अन्तिम किस्ताको रकम योजना तथा कार्यक्रम सम्पन्न भएको प्राविधिकको प्रतिवेदन, सम्बन्धित वार्ड वा स्थानीय तहको सिफारिस, सार्वजनिक सुनुवाई गरेको बैठकको प्रतिलिपी र निवेदनको आधारमा भुक्तानी दिइनेछ ।

६) कार्यक्रम निर्माण वा सम्पन्न भई सके पश्चात त्यसको संचालन र मर्मत सम्भार सम्बन्धि सम्पूर्ण कार्यहरू अनुदानग्राही स्वयंले गर्नुपर्नेछ ।

### ७. विविध

१) **अनुगमन तथा मूल्यांकनः** केन्द्रले सम्बन्धित स्थानिय तहको सहयोग तथा समन्वयमा यस कार्यविधी अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा निरीक्षण गर्नेछ । अनुगमन निरीक्षणको प्रतिवेदन कृषि ज्ञान केन्द्रले हरेक दुई महिनामा एक पटक कृषि विकास निर्देशनालयमा पेश गर्नुपर्नेछ । गण्डकी प्रदेशको भूमि व्यवस्था ,कृषि तथा सहकारी मन्त्रालय र कृषि विकास निर्देशनालयबाट पनि यस कार्यक्रमको अनुगमन तथा मूल्याकन हुनेछ ।

२) दफा ५(५) अनुसार गठित समितिको बैठकको लागि ज्ञान केन्द्रले कार्यक्रम खर्चबाट नियमानुसार बैठक भत्ता र फिल्ड अनुगमन भत्ता उपलब्ध गराउनेछ ।

३) यस कार्यविधीको प्रयोगमा कुनै द्विविधा भएमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशको निर्णय अन्तिम हुनेछ ।

४) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीलाई केन्द्रले अनुदान रकम रोक्का गर्न सक्नेछ ।यस कार्यविधी अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही गरी असुल उपर गरिनेछ ।

५) कार्यक्रम सँचालन पश्चात अनुसूची-६ बमोजिमको साना सिंचाई कार्यक्रम अभिलेख (रेकर्ड) फारामका आधारमा कार्यक्रमको उपलब्धी मूल्याङ्कन गरिनेछ ।

८. **बाधा अडकाउ फूकाउ** : यस कार्यविधी कार्यान्वयन सम्बन्धमा कुनै द्विविधा भएमा सो को निरुपण मन्त्रालयले गर्नेछ।

९. यस कार्यविधिमा उल्लेख भएका विषयहरू यसै बमोजिम तथा अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. **संशोधनः** यो कार्यविधि मन्त्रालयले आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

# अनुसूची-१

## साना तथा आधुनिक सिंचाई कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

यस मन्त्रालय अन्तर्गतका निकायद्वारा आ.व. २०७.../.... मा सञ्चालन गरिने **साना तथा आधुनिक सिंचाई कार्यक्रम** सहयोगका लागि परियोजनाको पहिलो बर्षको लागतको बढीमा ८५ प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुंदा तपशिल बमोजिमको कार्यक्रम सञ्चालन गर्न ईच्छुक गण्डकी प्रदेशका कृषि सम्बन्धि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा विवरण भरि देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. साना सिंचाई विशेष कार्यक्रम अन्तर्गत साना साना वाध, कुलो सुधार, पोलिथिन पाईप, पोखरी निर्माण, टंकि निर्माण, पम्प सेट, थोपा सिंचाई, स्प्रीङलर सिंचाई, पानि तान्ने ईन्जिन अदिका लागी कृषक समुहवाट आयोजनाको लागतको कम्तिमा १५ प्रतिशत नगद तथा जन श्रमदान व्यहोर्ने गरी निर्माण कार्य सम्पन्न भएपछी आर्थीक रकम उपलब्ध गराईनेछ ।

२. आयोजना माग गर्दा समुह वा समितिको निर्णय साविक जि. कृ. वि. कार्यालय, कृषि ज्ञान केन्द्र वा स्थानीय तहमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी वा जिल्ला सिचाई कार्यालयमा दर्ता भएको जलउपभोक्ता समितिको प्रमाण पत्रको प्रतिलिपी, वार्ड कार्यालयको सिफारीस र अन्य माग गरीएको समुहको विवरण सहित यस कार्यालयमा तोकिएको मिति भित्र रु. १० को टिकट टाँस गरी निवेदन बुझाईसक्नुपर्नेछ । यस्तो माग वारे सम्बन्धित वार्डलाई जानकारी दिएको बोधार्थको प्रति यस कार्यालयमा बुझाएको हुनुपर्नेछ ।

३. निवेदन दस्तुर वापत रु. .......। पछी फिर्ता नहुने गरी नगदै यस कार्यालयमा बुझाई निवेदन दर्ता गर्न सकिने छ ।

४. साना सिंचाई निर्देशिका बमोजिम आवेदक समुह कम्तिमा १ बर्षको अवधी पुरा गरेको नियमित बैठक बसिरहेको र कृषि विकासको लागी सकृय रुपले साविक जि.कृ.वि.का. वा कृषि ज्ञान केन्द्र वा सम्बन्धित स्थानीय तह संग सम्पर्कमा रही क्रियाशिल रहेको कृषक समुहको लागी मात्र आयोजना छनोटमा समावेश गरिने छ ।

५. आयोजना माग गर्दा आयोजना संचालन हुने ठाउ र कार्य सम्पन्न भएपछी कृषक समुहले उपभोग गर्न पाउने गरी संम्बन्धित व्याक्तिले समुहका नाममा गरिएका सम्झौता पत्र निवेदन संग सग्लग्न हुनुपर्नेछ ।

६. लक्षित वर्ग वा समुदाय प्राविधिक पक्षले उपयुक्त र समुहले व्यहोर्ने प्रतिशतको आधारमा विशेष प्राथामिकता दिईनेछ।

७. आयोजनावाट सिंचाई हुने जग्गाको जग्गा धनि प्रमाण पुर्जाको छाँया प्रति निवेदन साथ पेश गर्नुपर्नेछ ।

८. सुचना प्रकाशित मितिले ३० दिन २०...।...।... गते सम्म यस कार्यालयमा निवेदन दर्ता गराई सक्नुपर्नेछ । अन्तिम म्यादका दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र निवेदन पेश गरि सक्नुपर्नेछ ।

९. अन्य कुरा प्रचलित कानुन वमोजिम हुने व्यहोरा अनुरोध गरिन्छ ।

**थप जानकारीका लागि सम्पर्क:**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय , गण्डकी प्रदेश र मातहतका निकायहरु

Email- molmacprovince4@gmail.com

Website – molmac.p4.gov.np,

फोन नं ०६१-४६७८८५

**अनुसूची-२**

**साना सिंचाई कार्यक्रमबाट सहयोगको लागि दिनुपर्ने निवेदन फाराम (क)**

**विषयः** साना सिंचाई कार्यक्रमबाट सहयोगको लागि अनुरोध ।

श्रीमान् प्रमुख ज्यू ,
**कृषि ज्ञान केन्द्र ,**
............................

महोदय,

हामी निम्नलिखित निवेदन फाराम मा हस्ताक्षर भएका व्यक्तिहरूबाट (क)**गण्डकी प्रदेश , .पा.न/गा** ............ .वडा नं ........................................... **.पा.स्थान** मा ............................... सिंचाई अयोजनाको लागि साना सिंचाई .................................................................... अवस्थित ।१०० .मान तथा सम्भावित उपभोक्ताहरूको तर्फबाट प्रति अयोजना रूकार्यक्रमबाट सहयोग पाँउ भनि वर्त )एक सय मात्रका दरले राजश्व दाखिला गरेको बैंक भैचार वा नगदै पेश गरी अयोजना कार्यान्वयनमा लाग्ने ( मोटामोटी बजेट र समूहको निर्णयको प्रतिलिपी सहित यो निवेदन दिएका छै । हामीले यस कार्यक्रम अन्तगर्त अपनाउनुपर्ने नीति र कार्यविधिहरू सम्पूर्ण रूपमा बुझेका छैं र त्यसै अनुसार पूर्ण रूपमा सहमत छैं । यसका लागि अवश्यक निवेदन फारामहरू सम्बन्धित कर्मचारीको मद्ध (ग) र (ख) ,(क)तबाट भरी पेश गरेका छैं ।

<u>**निवेदक**</u>
जल उपभोक्ता समित/कृषक समूह/सहकारी/समितिको
अध्यक्ष/प्रतिनिधिको नामः
हस्ताक्षरः
मितिः
संस्थाको छापः

## निवेदन फाराम (ख)

## सिंचाई अयोजना सम्बन्धी अधारभूत जानकारी

**१अयोजना सम्बन्धी विवरण .**

१प्रस्तावित अयोजनाको नामः १.

१२. प्रस्तावित अयोजनको किसिमः नयाँनविकरण सुधार वा अन्य खुलाउने ,

१ ...................... प्रस्तावित अयोजनाको ठेगानाः जिल्ला ३.न.पा./गावडा ..................... .पा. .......... .नं

१वर्तमान जल उपभोक्ताहरूको परिवार संख्याः (क) ४.

वर्तमान जल (ख) उपभोक्ताहरूको संख्याः

१थप सम्भाव्य परिवार संख्याः (क) ५.

थप सम्भाव्य जल उपभोक्ता संख्याः (ख)

**२ अयोजनास्थल सम्म पुग्ने बाटो .**

| बाट (ठाँउ) | सम्म (ठाँउ) | सम्भाव्य साधन (पैदल वा गाडी) | अनुमानित दुरी र समय | |
|---|---|---|---|---|
| | | | कि.मी. | घण्टा वा दिन |
| | | | | |

**३ .प्रस्तावित कार्य वा अयोजनाबाट लाभान्वित हुने उपभोक्ताहरूको विवरण**

| सि.न. | जग्गा धनीको नाम | न.पा./गा.पा. र वडा नं. | परिवारमा सदस्य संख्या | कित्ता नं. | क्षेत्रफल रोपनी/विघा | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | **जम्मा** | | | | | |

जम्मा जग्गाको क्षेत्रफल हेक्टर । .........................

**नोटः** अवश्यकता अनुसार नपुग भएमा थप पाना प्रयोग गर्न सकिनेछ ।

**४सिंचाई अयोजना भए सोको पृष्ठभूभी पुरानो .**

| सि.नं. | निर्माण | गरी सकेको कार्य वर्ष | रकमको श्रोत | रकम रू. | कार्यक्रमको नाम | कार्यान्वयन विधि | हालको स्थिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १.<br>२.<br>३.<br>४. | | | | | | | | |

**५पानीको श्रोत .**

| सि.नं. | श्रोतको नाम | किसिम | अषत जल प्रवाह लिटर/से./घण्टा | | |
|---|---|---|---|---|---|
| | | | वर्षे | हिउँदे | चैते |
| १.<br>२.<br>३. | | | | | |

**नोटः** पानीको श्रोतको किसिम साल भरी पानी हुने वा वर्षामा मात्र हुने के कस्तो हो खुलाउनुपर्ने ।

**६अयोजना नजिकको अन्य प्रणालीहरू .**

६प्रस्तावित अयोजनाको माथि तथा तल १. ५ किको दुरीमा अन्य कुनै सिंचाई प्रणाली छ कि .मी. छैनः छ/छैन

६ यदि छ भने २.

| माथि तिर | | | तल तिर | | |
|---|---|---|---|---|---|
| मुहान देखिको दुरी (कि.मी.) | सिंचित क्षेत्र (हेक्टर) | घरधुरी (संख्या) | मुहान देखिको दुरी (कि.मी.) | सिंचित क्षेत्र (हेक्टर) | घरधुरी (संख्या) |
| | | | | | |

६ पानीको ३.बाँडफाँड सम्बन्धमा कुनै विवाद छ कि छैन ?

६ माथिल्लो प्रणालीसंगः १.३. छ/छैन

६ तल्लो प्रणालीसंगः २.३. छ/छैन

**७जल उपभोक्ता कृषकहरूको संगठन .**

७१. जल उपभोक्ता कृषाकहरूको संगठनः छ/छैन

७यदि छ भने जिल्ला जलश्रोत समिति वा जिल्ला प्रशासन कार्यालयमा संस्था २. दर्ता भएकोः छ/छैन

छ ? उपभोक्ताहरू संगठित हुन तयार छन कि छैनन्/छैन

निर्माणको विभिन्न चरणमा सहभागिता जुट्न तयार छन कि छैनन् छ ?/छैन

७ ३.नविकरण सुधार अयोजना भए हाल चालु अवस्थामा छ कि छैन छ ?/छैन

७यदि चालु छ भने हाल अयोजनाको संचालन मर्मत सम्भार कसले गर्द ४.ै अएको छ चिन्ह ? लगाउनुहोस् ।

७ जल उपभोक्ताहरू स्वयंद्वारा १.४. ) (

७ अन्य कुनै संस्थाद्वारा २.४. ) (

७ कुनै खास व्यवस्था वा प्रथा नभएको ३.४. ) (

७प्रस्तावित अयोजनाको निर्माण नविकरण सुधार भएपछि त्यसको संचालन तथा मर्मत सम्भार गर्ने ५. पूर्णजिम्मेवारी लिन उपभोक्ताहरू तयार छन कि छैनन् छन् ?/छैनन्

**८ ४.जल उपभोक्ता कृषकहरू स्वयमले निर्माण गर्न नसक्नुका कारणहरू (चिन्ह लगाउनुहोस)**

८ ठुलो रकमको अवश्यकता पर्ने १.४. ( )

८२.४. प्राविधिक सीप र ज्ञान नभएकोले ( )

८धेरै पटक बिग्रे भत् ३.४.केकोले स्थायी समाधान खोजेको ( )

८ जल उपभोक्ताहरूमा संगठनात्मक स्वरूप नभएको ४.४. ( )

८संगठन भएतापनि सक्रियता नभएको ५.४. ( )

८ धेरै पटक कोशिस गरेर असफल भएको ६.४. ( )

**९जल उपभोक्ता कृषकहरूको अग्रसरता .**

अयोजनाको कार्यमा लाग्ने कुल खर्चमा निम्न अनुरूप सहभागिता व्यहोरिने

९ .................................... रकममा १.प्रतिशत

९ ................................. श्रमदानमा २.प्रतिशत

९ ................................... जिन्सीमा ३.प्रतिशत

## निवेदन फाराम (ग)

## इनार/पम्पसेट निर्माणको लागि

१स्थानमा इनार सार्वजनिक ./पम्पसेट सिंचाई योजनाको हकमा इनार खन्ने वा पम्पसेट गाड्ने समस्याः छ/छैन

२इनार खन्ने वा पम्पसेट गाड्ने जग्गाको इच्छापत्र वा लालपूर्जाको प्रतिलिपीः छ ./छैन

३पम्पसेट गाडेको स .्थानबाट पानी वितरण गर्ने खेतवारीको सरदर दुरीः ..................... .मी.कि

४हेक्टर ....................... पम्पसेट वा इनारबाट सिंचित हुने क्षेत्रफलः .

५पम्पसेटको रेखदेखको लागि सेड हाउसः बनाउनु पर्ने ./नपर्ने

६पम्पसेट मर्मत ./सम्भारको लागि समूहको हितकोष रकमः मैज्दात छ/छैन

# अनुसूची-३

## इष्टिमेट अनुसार उपभोक्ता तथा कृषि ज्ञान केन्द्रले सम्पन्न गर्ने कार्यको बाँडफाँड

| कृषि ज्ञान केन्द्रले गर्ने कार्यहरू | | | | उपभोक्ता समूहले गर्नुपर्ने कार्यहरू | | | |
|---|---|---|---|---|---|---|---|
| अइटम नं. | अइटमको नाम | परिमाण | मूल्य | अइटम नं. | अइटमको नाम | परिमाण | मूल्य |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| जम्मा | | | | | | | |
| प्रतिशत खर्च | | | | | | | |

सम्पन्न गर्ने मितिः

## अनुसूची-४

## साना सिंचाई विशेष कार्यक्रम सम्बन्धी सम्झैता पत्र (नमूना)

१. यो सम्झौता-पत्र कृषक समूह, सहकारी/जल उपभोक्ता समिति र कृषि ज्ञान केन्द्र, .................. वीच साना सिंचाई योजना कार्यान्वयन प्रयोजनको लागि मात्र प्रयोग गरिने छ ।

२. यो सम्झौता, सम्झौता भएको मिति देखि प्रारम्भ भएको मानिने छ ।

३. उपभोक्ता समूहहरुले सम्झौता भएको मितिले १५ दिन भित्र कार्य शुरु गर्नुपर्ने छ ।

४. यस साना सिंचाई योजनाको निर्माण कार्य उपभोक्ता समूह आफैले गर्नु पर्ने छ । आफैले नगरी दोश्रो व्यक्ति वा संस्थालाई ठेक्कापट्टा दिई गराउन पाईने छैन ।

५. **कृषि ज्ञान केन्द्रले** उपभोक्त समूहलाई इष्टिमेट अनुसारको कार्य संचालन गर्न आयोजनाको प्रकृति अनुसार बढीमा **तीन (३)** किस्तामा रकम उपलब्ध गराउने छ ।

६. प्रथम किस्ता स्वरुप रकम प्राप्त गर्न सम्बन्धित उपभोक्ता समूहले कम्तिमा १५ प्रतिशतसम्मको प्रारम्भिक कार्य पुरा गरेको हुनु पर्नेछ ।

७. किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकबाट कामको प्रगति मूल्याकंनको आधारमा रकम भुक्तानी गरिनेछ ।

८. उपभोक्ता समूहले यसै योजनाको लागि आफ्नै समूहको श्रोत वाहेक कुनै सरकारी, गैह्र सरकारी, संघ संस्थावाट सहयोग अनुदान आदी प्राप्त गरेको भए स्पष्ट रुपमा **कृषि ज्ञान केन्द्रलाई** जानकारी गराउनु पर्नेछ ।

९.उपभोक्ता समूहले काम गर्दा **कृषि ज्ञान केन्द्रबाट** खटिएका प्राविधिकहरुले दिएको निर्देशन अनुसार गर्नु पर्नेछ ।

१०. आयोजना सम्पन्न भई सके पछि अन्तिम किस्ता भुक्तानी गर्ने सम्वन्धमा सुपर भिजन गरी फाईनल विल तयार गर्ने प्राविधिकवाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी उपभोक्ता समूहको वैठकवाट निर्णय गराई **कृषि ज्ञान केन्द्रमा** प्राप्त भए पछि सम्वन्धीत समूहको नाममा वैंक चेक मार्फत भुक्तानी दिईने छ ।

११. यस योजनाको निमार्ण कार्य सोही आ.ब. भित्र सम्पन्न गर्नु पर्नेछ ।

१२. उपभोक्ताको लापरवाहीको कारणबाट कार्य सम्पन्न नभई हानी नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी उपभोक्ता समूहको हुनेछ ।

१३. उपभोक्ता समूहले योजना तथा कार्यक्रमको योजना स्थलमा कार्यक्रमको सम्पूर्ण विवरण खुल्ने सबैले देख्ने गरी एक होडिङ बोर्ड राख्नुपर्छ साथै उपभोक्ता समूहले निर्माण कार्यको सार्वजनिक जानकारी (Public Auditing) गराउनु पर्नेछ ।

१४. सम्झौता भएको मिति देखि .............. दिन भित्र यो सम्झौता बमोजिमको सम्पूर्ण कार्य (डिजाइन र इष्टिमेट अनुसार) पूर्ण रुपमा सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

१५. आयोजना सम्पन्न भई हस्तान्तरण भई सकेपछि सोको मर्मत सम्भार सम्वन्धी कार्य सम्वन्धीत उपभोक्ता समूहको हुनेछ।

१६. निर्माण कार्य अथवा यस सम्वन्धी कुनै विवाद आएमा **कृषि ज्ञान केन्द्रको** निर्णय नै अन्तिम मानिने छ ।

१७. यस सम्झौतामा उल्लेख भएका कुराहरुमा यस वमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

| | | |
|---|---|---|
| ............................. | ............................. | ............................. |
| अध्यक्ष वा प्रतिनिधि | कार्यक्रम संयोजक | प्रमुख |
| नामः | नामः | नामः |
| उपभोक्ता समूहको नामः | कार्यालयः | कार्यालयः |
| संस्थाको छापः | | |
| साक्षीः | | |

# अनुसूची-५

## साना सिंचाई विशेष कार्यक्रम अभिलेख (नमूना) फाराम (रेकर्ड)

बजेट शिर्षक नं.
अ.ब.
भारित प्रगतिः

जिल्लाः
अयोजनाको नामः
अयोजनाको अवधिः
जम्मा निकासा रू.

जम्मा खर्च रू .

.रकम रू)

| सि.न. | अयोजनाको नाम | अयोजनाको किसिम (नयाँ, पुरानो, मर्मत) | ठेगाना | ल.ई. रकम रू. | जम्मा खर्च रू. | | | | अयोजनाहरूको स्थिति विवरण (सम्पन्न, निर्माणाधिन, संचालन हुन बाँकी अदि) | सिंचाई हुने क्षेत्रफल (हे.) | | | सिंचाई सुविधा उपलब्ध भएबाट उत्पादनमा हुन सक्ने बृद्धि (मे.टन.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यालयको स्वीकृत बजेट | जनसहभागीता | अन्य संस्थाबाट सहयोग | जम्मा रू. | | नयाँ निर्माणबाट | पुरानो मर्मतबाट | जम्मा | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**नोटः** १जन सहभागिताको कोलमा प्रतिशत समेत खुलाउने । .

२को समूह भन्ने बुझाउँदछ । एउटै घरमा एक भन्दा बढी (परिवारका) परिवार भन्नले एउटै घरमा बसी एउटै चुल्होमा खाना खाने सदस्यहरू . बस्न सक्ने हुँदा लाभान्वित परिवार संख्याको कोलमा परिवारका सदस्य संख्या उल्लेख नग परिवार पनिरी परिवार संख्या उल्लेख गर्ने ।